बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, रामेछाप र दोलखा

मन्थली, रामेछाप

## बीउ बिजन आत्मनिर्भर कार्यक्रमको क्षेत्र निर्धारण प्रक्रियामा सहभागीताको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं. ०३/२०८२/०८३
(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/११)

कृषि विकास कार्यालय, रामेछापको आ.व.२०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयनका लागि "बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" को दफा ३ (२) मा व्यवस्था भए बमोजिम बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले यस कार्यालयको कार्यक्षेत्र भित्र (रामेछाप र दोलखा) बाट बीउ बिजन उत्पादन गर्न ईच्छुक आवेदक (कृषक समूह/कृषि कार्यमा संलग्न सहकारी/सामुदायिक बीउ बैंक/कृषि फर्म/कम्पनी) हरुले यो सूचना प्रकाशित भएको २१ औं दिन (मिति २०८२/०९/०२ गते) कार्यालय समयभित्र प्राप्त हुने गरि कृषि विकास कार्यालय, रामेछाप वा कृषि सेवा केन्द्र, दोलखामा देहाय बमोजिमका कागजातहरु सहित प्रस्ताव दर्ता गर्नहुन आह्वान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**पुनश्चः बीउ उत्पादनका लागि क्षेत्र निर्धारण भए पश्चात मात्र बीउ उत्पादनसँग सम्बन्धित क्षमता अभिवृद्धि/तालिम लगायत अन्य अनुदान कार्यक्रमहरु थप सूचना प्रकाशन गरी संचालन गरिनेछ।**

**आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

- रु.१० को हुलाक टिकट सहितको निवेदन,
- कार्यविधिको अनुसूची-१ अनुसारको ढाँचा तयार गरिएको पूर्णरुपमा भरिएको आवेदन (प्रस्तावित बीउ उत्पादन क्षेत्रको आधारभूत तथ्याङ्क फारम समेत),
- संस्था दर्ता, नवीकरण, मू.अ.कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छायाँप्रति, गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- समूह/सहकारीको हकमा कार्यक्रमको माग, संचालन र अख्तियार प्राप्त व्यक्ति तोकिएको सम्बन्धी संस्थागत निर्णयको प्रतिलिपि,
- कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा जग्गा भाडामा लिइ खेति गरेको भएमा ५ बर्ष करार सम्झौताको र नागरिकताको प्रतिलिपी,
- अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको प्रतिलिपि,
- सम्बन्धित स्थानीय तहको बीउ उत्पादन हुने क्षेत्रफल खुल्ने सिफारिस पत्र,
- कार्यालयबाट माग भएका आवश्यक अन्य कागजातहरु।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, वेवसाईट https://ramechhap.ado.gov.np/, फेसबुक पेज "कृषि विकास कार्यालय, रामेछाप" यस कार्यालयको फोन नं. ९८६३०२३००८/०४८-५०४३०८/०४८-५४००६३ मा सम्पर्क गर्न सक्नुहुनेछ।"बीउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ यस कार्यालयको वेवसाइटबाट डाउनलोड गर्न सकिने छ।

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख